महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
भीमफेदी गाउँपालिका, मकवानपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. ६७४

मितिः २०७९।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
भीमफेदी गाउँपालिका, मकवानपुर ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ६० लाख ६१ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.१४ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.४२ लाख २७ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ७७ लाख ९४ हजार र पेश्की रू.२५ लाख ८९ हजार रहेको छ । पालिकाको गतवर्षसम्मको रु. ३ करोड ८२ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट रु. २ लाख २१ हजार फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ८ करोड ४० लाख ६४ हजार रहेको छ । यस पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

भीमफेदी गाउँपालिका, मकवानपुर

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु							
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३८	४५	४६०६१	०	०	०	३८	४५	४६०६१	१४५१	३७७९४	४२२७	०	०	४२०२१	२५८९

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	३८२२४	०	२२१	३८००३	०	४६०६१	८४०६४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भीमफेदी गाउँपालिका, मकवानपुर , भिमफेदी गाउँपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्र.प्र.अ श्री भीम लाल महर्जन	२०७८-८-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	प्र.प्र.अ श्री जीवन कुँवर	२०७७-४-१	२०७८-८-२०
लेखा प्रमुख	लेखा अधिकृत श्री करुणा रिसाल	२०७७-४-१	
		बेरुजु रकम	४६,०६१,३४६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,०३,२४,९४४.२९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३०,८७,३८,८१०	**चालु खर्च**	२६,३०,४०,७२५.८४
प्रदेश सरकारबाट अनुदान	५,७५,०१,०००	**पूँजीगत खर्च**	१७,८१,०९,६०७
राजश्व बाँडफाँट	१३,०४,११,८६०.१९	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	१,४९,००,५००		
अन्य आय	२,८८,६५,८५६		
कुल आय	५४,०४,१८,०२६.१९	**कुल खर्च**	४४,११,५०,३३२.८४
बाँकी मौज्दात		१५,९५,९२,६३७.८३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परीचय** **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्वेश्यले नेपालको संविधान २०७२ अनुसार यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्वेश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल २४५.२१ वर्ग किलोमिटर,२४५००जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत ९ वडा वाट ४७ गाउँसभा सदस्य रहेका छन् । गाउँपालिकाले भीमफेदी गाउपालिकाको आधार कृषि, पर्यटन र पूर्वाधार भन्ने लक्ष्य तय गरेको छ ।	
२			**स्थानीय संचितकोष** स्थानीय संचित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।७८ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।	

विवरण	यस वर्ष रु.			गत वर्षको जम्मा
	बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	जम्मा	
प्राप्ती (क+ख)	५५,५९,२३,०८४.८७	५४,०४,१८,०२६.३८	५४,०४,१८,०२६.३८	४८,३०,६९,३०७.४४
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	५३,६२,१४,४५०	५१,४९,४६,३०७.५१	५१,४९,४६,३०७.५१	४०,४५,९७,८९४.०६
११००० कर	११,९४,६२,४५०	९,७४,८०,०२७.८६	९,७४,८०,०२७.८६	७,३५,०९,०१३.०६
१३००० अनुदान	३६,८३,८२,०००	३६,६२,३९,८१०	३६,६२,३९,८१०	२९,४५,२६,५००
संघीय सरकार	३१,०८,८१,०००	३०,८७,३८,८१०	३०,८७,३८,८१०	२७,१२,२१,५००
प्रदेश सरकार	५,७५,०१,०००	५,७५,०१,०००	५,७५,०१,०००	२,३३,०५,०००
१४००० अन्य राजस्व	४,८३,७०,०००	५,१०,५५,१२४.०५	५,१०,५५,१२४.०५	३,६५,६२,३८१
१५००० विविध प्राप्ति	०	१,७१,३४५.६०	१,७१,३४५.६०	०
ख. अन्य प्राप्ति	१,९७,०८,६३४.८७	२,५४,७१,७१८.८७	२,५४,७१,७१८.८७	७,८४,७१,४१३.३८

				वितरण गर्न बाकी राजस्व	०	०	०	०		
				कोषहरु	१,९७,०८,६३४.८७	१,९७,०८,६३४.८७	१,९७,०८,६३४.८७	८४,९७,८८५.९०		
				धरौटी	०	५७,६३,०८४	५७,६३,०८४	१७,४०,०२२.४८		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	६,८२,३३,५०५		
				भुक्तानी (ग+घ)	६२,१४,००,८९४.८७	४४,११,५०,३३२.८४	४४,११,५०,३३२.८४	४५,३६,९०,१३२.२४		
				ग. भुक्तानी (सञ्चित कोषबाट)	६०,१६,९२,२६०	४२,२०,५४,९१२.८७	४२,२०,५४,९१२.८७	३७,९२,५०,९५०.२४		
				२१००० पारिश्रमिक / सुविधा	१७,७७,४४,४१०	१५,६९,४७,२२३.८६	१५,६९,४७,२२३.८६	१४,८४,४९,३६९.८०		
				२२००० मालसामान तथा सेवाको उपयोग	१३,७१,०१,६२०	६,३९,२४,६८९.०१	६,३९,२४,६८९.०१	५,७९,८८,३३६.०७		
				२५००० सहायता (Subsidy)	१,५७,८५,०००	६५,२४,०७२	६५,२४,०७२	०		

https://nams.oag.gov.np

२६००० अनुदान	१,०५,८८,०००	६४,४६,७७९	६४,४६,७७९	०
२७००० सामाजिक सुरक्षा	१,०६,५०,०००	८२,८४,८४२	८२,८४,८४२	४१,५६,७५४
२८००० अन्य खर्च	२७,८०,०००	१८,१७,७००	१८,१७,७००	९,७९,०००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२४,७०,४३,२३०	१७,८१,०९,६०७	१७,८१,०९,६०७	१६,७६,७७,४९०.३७
घ. अन्य भूक्तानी	१,९७,०८,६३४.८७	१,९०,९५,४१९.९७	१,९०,९५,४१९.९७	४५,३६,९०,१३२.२४
कोषहरु	१,९७,०८,६३४.८७	१,८०,६८,०७१.९७	१,८०,६८,०७१.९७	५९,४२,३९७
धरौटी	०	१०,५९,०६६	१०,५९,०६६	२,६३,२८०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	६,८२,३३,५०५
कट्टी रकम भुक्तानी/		-३१,७१८	-३१,७१८	

दाखिला गर्न बाकी				
ङ. यो वर्षको बचत (न्युन)	(६,५४,७७,८१०)	९,९२,६७,६९३.५४	९,९२,६७,६९३.५४	२,९३,७९,१७५.२०
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		६,०३,२४,९४४.२९	६,०३,२४,९४४.२९	५,७४,६४,०९५.६१
वर्षान्तको बाकी रकम (ङ + च)	(६,५४,७७,८१०)	१५,९५,९२,६३७.८३	१५,९५,९२,६३७.८३	८,६८,४३,२७०.८१

३

संचितकोष बाहिरका कारोवारको बिवरण

संचितकोष बाहेकका कारोवार: यस पालिकामा यस वर्ष संघ, को.ले.नि.का. र प्रदेश को.ले.नि.का.बाट सिधै निकासा भएको आर्थिक कारोवारको स्थिति निम्नानुसार छ । उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन । पालिकाले सवै कारोवार समेटीने गरी एकिकृत आर्थिक विवरण तयार गरिनु पर्दछ ।

क्र.सं.	कार्यक्रमको नाम	विनियोजित बजेट रकम	निकासा/ खर्च	बाँकी बजेट
१	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	४९५५०००।-	२९१८८६५।-	२०३६१३५।-
२	गरीबसंग विशेश्वर कार्यक्रम	५४६०००।-	२२००००।-	३२६०००।-
३	सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम	५५७६६४००।-	५५५७७०५०।-	१८९३५०।-
	कूल जम्मा (क)	६१२६७४००।-	५८७१५९१५।-	२५५१४८५।-
४	प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम	७५०००००।-	७३८१८७०।-	११८१३०।-
	कूल जम्मा (ख)	७५०००००।-	७३८१८७०।-	११८१३०।-
	खुद जम्मा (क+ख)	६८७६७४००।-	६६०९७७८५।-	२६६९६१५।-

४ २०७९-१-९

जिम्मेवारी तथा मौज्दात फरक

जिम्मेवारी फरक – स्थानीय तहको संचित कोषमा गत विगतको वांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.८६९७०३३६।५६ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. ६०३२४९४४।२० जिम्मेवारी सारी रु. २६६४५३९२।२७ घटी जिम्मेवारी सारेको देखियो । गत वर्षको जिम्मेवारी फरक देखिएको रकमको हिसाव मिलान गर्नुपर्नेमा नगरी यस वर्ष यस्तो रकममा पुनरावृत्ती भएको छ । यस्तो फरक रकमको वास्तविकता पहिचान गरी जिम्मेवारी अंक यथार्थपरक वनाउनु पर्दछ ।

मौज्दात फरक –

https://nams.oag.gov.np

१। प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचा अन्तर्गत प्रतिवेदनको म.ले.प.फारम २७२ वित्तीय प्रतिवेदन र स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको स्थानीय तहको एकिकृत वित्तीय विवरण (रिपोर्ट १) ले देहाय अनुसार यस वर्षान्तको मौज्दातमा रु.३०६,८८,४३०।२७ र हालसम्को मौज्दात रु.३,२६,१३,३७४।५६ फरक देखिएको छ । यस्तो फरक मौज्दातको समयमा नै हिसाव मिलान हुनु पर्दछ ।

विवरण	यस वर्षान्तको मौज्दात	हाल सम्मको मौज्दात
वित्तीय विवरण म.ले.प.फा.नं.२७२ अनुसार	९,९२,६७,६९३।-	१५,९५,९२,६३७।८३
संचित कोषको अवस्था अनुसूची १० अनुसार	६,८५,७९,२६३।२७	१२,६९,७९,२६३।२७
२७२ मा बढी	३०६,८८,४३०।२७	३,२६,१३,३७४।५६

२। यस पालीकाको संचित कोषको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ र पालीका कै स्थानीय तहहरुको एकिकृत वित्तीय विवरणको समग्र प्राप्ती, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ । यस्तो फरक रकमले पालीकाको संचित कोषले देखाउने वित्तीय अवस्थामा फरक पर्ने हुँदा समयमा नै हिसाव मिलान गरिनु पर्दछ ।

विवरण	संचित कोष (म.ले.प.फा.नं.२७२ अनुसार	स्थानीय तहको एकिकृत वित्तीय विवरण रिपोर्ट -१ अनुसार	फरक
प्राप्ती	५४०४१८०२६।३८	५४,९०,३४,१७६।१४	(८६,१६,१४९।७६)
खर्च	४४,११,५०,३३२।८४	४२,२०,५४,९१२।८७	१९०९५४१९।९०
मौज्दात	९,९२,६७,६९३।५४	१२,६९,७९,२६३।२७	(२७७११५६९।७३)

उक्त तालिकामा एकिकृत वित्तीय विवरणमा भन्दा संचित कोषको विवरण (म.ले.प.फा.नं.२७२) मा प्राप्ती, खर्च र मौज्दातमा फरक देखिएको सम्वन्धमा वास्तविकता यकिन गरी हिसाव मिलान गरिनु पर्दछ ।

३। यस वर्षान्तमा संचित कोषको वैंक नगदी किताव अनुसारको वैंक मौज्दात, पालिकाको संचित कोषको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले देखाएको वैंक मौज्दात भन्दा रु. १५,२४,९६,६१३।२८ कम देखिएको छ ।बैंक मौज्दात कम देखिएको सम्वन्धमा स्पष्ट गरिनु पर्दछ ।

विवरण	विवरण
१.वर्षान्तमा संचित कोषको वैंक नगदी किताव अनुसारको मौज्दात	७०,९६,०२४।५५
२.संचित कोषको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसारको वैंक मौज्दात	१५,९५,९२,६३७।८३
वैंकमा घटी मौज्दात	१५,२४,९६,६१३।२८

५ २०७९-१-९

बित्तीय बिवरण तथा बैक हिसाव मिलान

बित्तीय बिवरण- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न गाउँपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकवाट स्वीकृत भएको NEPSAS based ढांचामा लेखाकंन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको बित्तीय विवरण सम्वन्धमा देखिएका व्यहोराहरु यस प्रतिवेदनको बिभिन्न दफाहरुमा उल्लेख गरीएको छ ।

स्वीकृत ढाँचा – स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धाण गरे वमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नु पर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाकंन गरेको छ । तर अनुसूची तथा खुलासा (Disclosure) हरु पूर्ण रुपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा दफागत रुपमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

बैंक हिसाव मिलान –

१। स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) वमोजिम स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको शिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भएको ढांचामा राख्नुपर्ने व्यवस्था छ । सो वमोजिम कार्यालयले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नु पर्नेमा वर्षान्त सम्ममा पनि तयार गरेको पाइएन । लेखा परीक्षण अवधिमा उक्त हिसाव मिलान विवरण तयार गरी पेश भएको छ । निम्नानुसारको वैंक हिसाव मिलान विवरणमा बैंक अफ एशिया लिमिटेडको ९ वटा वैंक खाताको खूद फरक रकमको रु. १११५५९१७३।९३ को हिसाव मिलान गरेको छैन । यस सम्वन्धी विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	खाताको प्रकार	खाता नं.	खाता अनुसारको बाँकी रकम रु.	बैंक अनुसारको बाँकी रकम रु.	फरक रकम
१	ग.१.१ आन्तरिक राजश्व खाता	167CA57503077001	10394399	20650751.73	-10256352.7
२	ग.२.२ चालु खर्च खाता जोर वर्ष	1.67205E+15	148013660	73867155.85	74146504.1
३	ग.२.४ पूँजिगत खर्च खाता- जोर वर्ष	1.67205E+15	156567297.4	87579652	68987645.43
४	ग.३.१ स्थानीय तह धरौटी खाता	G7CA503072524001	6628962.29	3674079.29	2954883
५	ग.४.१ स्थानीय तह संचित कोष खाता	G7CA503077524001	7096024.55	26807706.42	-19711681.9
६	ग-स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	1.67206E+15	1644256.9	6206080.9	(4561824.00
७	विभाज्य कोष खाता	-	-9215163	9215163	-
८	करोवारमा भिन्नता (राजश्व खाता र संचित कोष खाता)	-	13917732.37	-	-
९	कारोबारमा भिन्नता (संचित कोष खाता र खर्च खाता)	-181582978.7	-	-	-
	जम्मा		153464190.8	228000589.2	111559173.9

			ेड २। कार्यालयको NIC एशिया बैंकमा रहेको ग-११ आन्तरीक राजश्व खातामा रु.१०२५६३५२।७३, ग-४.१ स्थानीय तह संचित कोष खातामा रु.१९७११६८१।८७ र स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा रु. ४५६१०२४।– बैंकमा बढी रहेको छ भने ग-२.२ चालु खर्च खाता जोर वर्षमा रु.७४१४६५०४।१०, ग.२.४ पूँजिगत खर्च खातामा रु.६८९८७६४५।४३, ग-३.१ स्थानीय तह धरौटी खातामा २९५४८८३।– बैंकमा घटी मौज्दात देखिएको छ । यस्तै राजश्व खाता र संचित कोष खाताको कारोवारमा भिन्नता रु.१३९१७७३२।१७, संचित कोष खाता र खर्च खाताको कारोवारमा भिन्नता ऋणात्मक रु.१८१५८२९७८।६६ र विभाज्य कोष खातामा ऋणात्मक मौज्दात रु.९२१५१६३।– भएकोमा वैंकमा ९२१५१६३। देखिएको छ । प्राप्त विवरणमा वैंक घटी तथा वैंक वढी भएको सम्वन्धमा कार्यालयले संक्षिप्त कारण उल्लेख गरेको छ । सो पुष्ट्याई हुने विस्तृत वैंक समायोजन विवरण (Bank Reconciliation Statement) तयार गरी फरक रकम हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।	
६			**शसर्त अनुदानको बचत** **शसर्त अनुदानको बचतः** संघीय शसर्त अनुदानको बचत रु. ३४२७६१८०।७४ बागमती प्रदेश सरकारको शसर्त अनुदानको बचत रु. ७६४१६८७।– (विशेष अनुदान रु.३५०००००।– समेत वर्षान्तमा फिर्ता दाखिला गर्नुपर्नेमा क्रमशः २०७८।४।१२ र २०७८।४।१३ मा मात्र फिर्ता दाखिला गरेको छ । संघ तर्फको विशेष अनुदान रु.३७२४३२२।– मध्ये १६८३५९७।– मात्र २०७८।४।१२ मा दाखिला भएकोमा वाँकी रु.२०४०७२५।– उपल्लो सुपिङ्ग खानेपानी योजनाको दायित्व भूक्तानी गर्न जिम्मेवारी सारेको छ । सम्पूर्ण खर्च नभई बाँकी रकम (समपूरक वाहेक) वर्षान्तमा सम्बन्धित संचित कोषमा दाखिला हुनु पर्दछ ।	
७			**श्रोत सुनिश्चतता** **श्रोत सुनिश्चतता** – आयोजनाको वहुवर्षिय ठेक्का सम्वन्धि मापदण्ड २०७६ को दफा ३ मा वहुवर्षिय ठेक्का व्यवस्थापन गर्नु अघि सम्वन्धित मन्त्रलयले राष्ट्रिय योजना आयोगको पूर्व स्वीकृति लिनुपर्ने र पूर्व स्वीकृति पश्चात् श्रोत व्यवस्थापनको सम्वन्धमा अर्थ मन्त्रालयको सहमति लिई प्रचलित कानून वमोजिम ठेक्का प्रकृया अगाडी वढाउनु पर्ने उल्लेख छ । यस गाउपालीकाको आयोजनाको वहुवर्षिय ठेक्का र श्रोत सुनिश्चितता सम्वन्धमा मापदण्ड तयार भएको ठेक्का फाईल परीक्षणको क्रममा देखिएन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा अर्थ मन्त्रालयको पूर्व स्वीकृती वेगर कुनै पनि कार्यालयले वहुवर्षिय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउन नहुने उल्लेख छ । प्राप्त निम्न विवरण अनुसार यस पालिकाको संघीय विशेष र प्रदेश समपुरक गरी २ ठेक्काको रु.६८०३९२८।वर्षान्तमा भूक्तानी गर्न बाँकी दायित्व रहेको देखिन्छ । यसरी साल वसाली ठेक्कामा समेत भूक्तानी गर्न बाँकी देखिएकोले श्रोतको सुनिश्चितता गरी मात्र ठेक्का व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।	

ठेक्का नं.	कार्य विवरण	सम्झौता रकम	भूक्तानी रकम	दायित्व वाँकी रकम
४।२०७७।७८	सुपिङ्ग वृहत खा.पा.आयोजना	१४२७४३०७।-	११५३२१९६।-	२७४२१११।-
१०।२०७७।७८	कोगटे धार्के महाभिर सडक	५१७९२३६।-	१११७४१८।-	४०६१८१८।-
जम्मा		१९४५३५४३।-	१२६४९६१४।-	६८०३९२९।-

८

आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउँपालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• गाउँपालिकाले उद्वेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

			• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।साथै ठेक्का फाइल समेत अद्याबधिक देखिएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन । • गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
९			**बजेट तथा कार्यक्रम तर्जुमा**	
९.१			**बजेट पेश, पारित र अख्तियारी** – स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस	

			गाउँपालिकामा उपाध्यक्ष श्री पार्वती रानाले मिति २०७७।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ५९ करोड २४ लाख ३३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।२५मा पारित भएको छ । यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७७।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
९.२			**बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाउँपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाउँसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाउँपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रूपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरूरी देखिएको छ ।	
१०			**क्षेत्रगत वजेट** क्षेत्रगत वजेट गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट 69 करोड 16 लाख 92 हजार र खर्च 42 करोड 20 लाख 54 हजारको आधारमा समग्र रूपमा ७0.१4 प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ । पालिकाले सबै भन्दा न्युन बजेट आर्थिक बिकासमा बिनियोजन गरेको छभने सबै भन्दा बढी बजेट पुर्वाधार बिकासमा बिनियोजन गरेको छ । पालिकाले आर्थिक बिकास क्षेत्रमा समेत लगानी गर्नुपर्ने देखिन्छ ।	

क्र स	क्षेत्रगत बजेट	बजेट रकम रू	खर्च रकम रू	खर्च प्रतिशत
१	आर्थिक विकास	५३०६४०००	२१७६२४५५	४१.०१
२	सामाजिम विकास	३०५०२५०००	२१८६५६६६८५	७१.६८
३	पूर्वाधार विकास	१३१५६५०००	१०९१८८२७९	८३
४	सुशासन विकास	२७३२३६००	१२८६६४०१	४७.०९
५	कार्यालय संचालन तथा प्रशासनिक	८४७१४६६०	५९५८१०९२	७०.३३
जम्मा रू		६९१६९२२६०	४२२०५४९१२	७०.१४

११

योजना छनौट गर्दा प्राथामिकीकरणको आधारमा नभएकोः

१ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्यात योजना संचालन गर्नुपर्न व्यवस्था रहेको देखिन्छ । यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ । जसले गर्दा स्थानीय आवस्यकताको सम्वोधन नहुन हुँदा गाँउपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट संचालन गर्नु पर्ने देखिन्छ ।

२ प्रधानमन्त्री रोजगार कार्यक्रमः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरि उनिहरूलाई रोजगारको अवसर प्रदान गरि उनीहरूको आर्थिक विकासमा सहयोग पुर्‍याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन । तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ । स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ । यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८२ जना लाई रोजगारी उपलव्ध गराई रु २६९१८७८।७८ खर्च गरेको छ।लक्षित वर्ग लाई औषत दिन ४५/८५५ देखि ११२० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन

रोजगारी सृर्जना भएको देखिंदैन।बित्तिय प्रगति ३८.९४ देखि १०० प्रतिशत देखाएको छ भने भौतिक प्रगति शुन्य देखाएकोले यथार्थ रूपमा काम भयो वा भएन यकिन हुन सक्ने आधार पनि देखिएन ।

क्र.सं.	आयोजानाको नाम	विनियोजजित बजेट	भुक्तानी रकम	संलग्न कामदारको संख्या	औषत दिन	वित्तिय प्रगती प्रतिशत	भौतिक प्रगती
१	झिरघारी टोड्के डाँडा सडक निर्माण	९८२३००	५८३८६३	१९	४५/८५५	३८.९४	
२	झिरघारी दुम्सी डाँडा सडक निर्माण	९८२३००	५८३८६३	१९	६३/११९७	५९.४३	
३	चिसापानी सुगावस्ति सडक निर्माण -खण्ड क	५०६७५७	५०७००४.९५	१५	६६/९९०	१००	
४	पञ्चकन्या मन्दिर जाने सडक निर्माण	६७२१००	४३७९३६.९५	११	७७/८४७	६५.१५	
५	चिसापानी सुगावस्ति सडक निर्माण -खण्ड ख	५७९२४२.५५	५७९२१०.८५	१८	११२०	९८.९६	

१२

कानून र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ११ वटा ऐन, १८ वटा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै गाउँपालिकाले ४ वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३

न्यायीक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फर्स्यौट

			वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५ र यो बर्ष थप भएको २८ गरी कुल ३३ विवाद दर्ता भएकोमा १६ वटा मात्र फस्र्यौट भई १७ बाँकी देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।	
१४			**सेवा प्रवाहः** गाउपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।	
१५			**कोभिड १९ तर्फः** गाउँपालिकाको प्राप्त विवरण अनुसार आफ्नै कोषबाट रू ५१ लाख २२ हजारमा रु. ५० लाख ४१ हजार खर्च भई रू ८१ हजार बाँकी रहेको देखिन्छ ।	

क्र.स	विवरण	संख्या
1.	नागरिकता सिफरिस	६७८
2.	घरबाटो सिफारिस	४७६
3.	नाता प्रमाणित	२९८
4.	जन्म दर्ता	६३०
5.	मृत्यु दर्ता	२०६
6.	अन्य	१४३७

आय शिर्षक	रकम रू	व्याय शिर्षक	रकम रू
संघिय संचित कोष		स्वस्थ्य पूर्वाधार निर्माण	१२९००००
प्रदेश संचित कोष		आइसोलेसन केन्द्र निर्माण तथा व्यवस्थापन	४४००००
गाउँपालिकाकोष	५१२१७७०९०	औषधी तथा उपकरण	४८९६९५।९
		सामाग्री खरीद	१८००७१५
		अन्य शिर्षकमा भएको खर्च	१०२०५९५
		बाँकी	८०७६४
जम्मा रू	५१२१७७०९०	जम्मा रू	५१२१७७०९०

१६ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीयतहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५३ जना र करार तर्फ ३५ पदपूर्ती भएको देखिन्छ ।

१७ **जिन्सी निरीक्षणः**

गाउँपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागु गरेको देखिदैन। प्रदेश आर्थिक कार्यविधि नियमावली, परिच्छेद ६ मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बर बुझारत सम्वन्धी व्यवस्था र परिच्छद ९ मा लिलाम बिक्री सम्बन्धि व्यवस्था रहेको छ। कार्यालयले मौज्दात रहेको लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी सामानहरुको विवरण तयार गरी तोकिएको समयभित्र लिलाम विक्री तथा मर्मत संभार गर्नुपर्ने एवं कर्मचारी सरुवा हुँदा जिन्सी फरफारक गरेर मात्र रमाना दिने कार्य गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ।

१८ **एच.डि.पी पाईप खरिदः**

			कार्यालयबाट बार्षिक योजना तथा कार्यक्रम अनुसार खरिद भएको निर्माण सामग्री लक्षित उदेश्य अनुसार प्रयोग भएको हुनु पर्दछ। आ.व. २०७५।७६ मा कोगटे इपा वृहत सिचाई योजनाको लागि खरिद भएका रु ५९२०३५८। का विभिन्न साइजका एच.डि.पि. २०० एम.एम. को १६३७ मीटर १० के.जी को हाल सम्म योजनामा प्रयोग नभई कार्यालयको कम्पाउण्ड वाहिर वेवारिसे अवस्थामा रहेको छ। खरिद गरिएका पाइप प्रयोग नभएको सम्वन्धमा कार्यालयबाट स्पष्ट जानकारी प्राप्त भएको छैन। उक्त योजनाको हालको स्थिति समेत स्पष्ट छैन। अतः ती पाइपको हानी नोक्सानी नहुने गरी उचित व्यवस्थापन हुनु पर्दछ ।	
१९			**राजस्वको आन्तरीक नियन्त्रणः** **१ व्यवसाय कर** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू ४५ हजार कर संकलन गरेको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ। **२ मनोरन्जन करः** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ। **३ घर जग्गा बहाल करः** गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू ५ लाख २८ हजार कर संकलन गरेको छ । गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ । **४ विज्ञापनकर**- बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन। जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।	

२०	३५	२०७७-१०-७	**शिक्षकको पारिश्रमिकः** यस गाउँपालिका अन्तर्गतको लेकाली बसिफाँट माद्यमिक विद्यालय, मकवानपुरमा कार्यरत प्रा.वि. तृतीय शिक्षक भरत उप्रेतीको मिति २०७७।०९।१७ मा यस विद्यालयवाट अन्यत्र सरुवा भएकोमा दोश्रो त्रैमासिक अन्तर्गत मंसिर र पुष गरी २ महिनाको पारीश्रमिक वापत जम्मा रु. ६५२९३। विद्यालयको खातामा गएको देखिन्छ तर निजलाई विद्यालयले दिएको रमाना मिति २०७७।०९।१९ च.नं. ३४ मा २०७७ कार्तिक मशान्त सम्म मात्र पारिश्रमिक लिएको भनि उल्लेख भएको पाईयो । यसरी विद्यालयको खातामा बढी भुक्तानी भएको २ महिनाको पारिश्रमिक रु. ६५२९३।सम्वन्धित व्यक्तिवाट असूल गर्नुपर्ने रु.	६५,२९३
२१			**विधार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ को नियम १२ (क) मा सामुदायिक विद्यालयहरु एक आपसमा गाभिन सक्ने व्यवस्था छ । सोही नियमावलीको नियम ७७ मा सामुदायिक विद्यालयले प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड, र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालिस र चालिस जना प्रति कक्षा विद्यार्थी नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । भीमफेदी गाउँपालिका मातहतमा रहेका ४९ वटा सामुदायिक विद्यालका विद्यार्थी र शिक्षक को अनुपात निम्न अनुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार सम्भाव्यताको आधार भएसम्म एक आपसमा गाभी शिक्षाको गुणस्तरमा वृद्धि गराउनु पर्दछ ।	

सिन	विधालयको नाम	सञ्चालित कक्षा	जम्मा विद्यार्थी वालविकास बाहेक	शिक्षक संख्या	शिक्षक विद्यार्थी अनुपात
	भीमफेदी गाउँपालिका		3970	217	18.29493
	विद्यालयको नाम				
1	Rakas Devi Pra V	0 देखी ३	12	1	12
2	Deurali Pra V	० देखी ३	15	2	7.5
3	Jaleshwori Pra V	० देखी ३	19	1	19
4	Kali Devi Pra V	० देखी ३	24	2	12
5	Bagh Bhairab Pra V	० देखी ५	66	3	22
6	Natarammeshwor Pra V	० देखी ५	35	3	11.66667
7	Pra V Gangate	० देखी ३	17	2	8.5
8	Pra V Swara	० देखी ५	38	3	12.66667
9	Pancha Kanya Ma V	० देखी १०	133	13	10.23077
10	Siddha Kali Pra V	० देखी ३	15	2	7.5
11	Himalaya Pra V	१ देखी ५	9	2	4.5
12	Pancha Kanya Pra V	० देखी ५	44	2	22
13	Ma V Maltar	० देखी १०	145	11	13.18182
14	Batuk Bhairab Pra V	० देखी ३	31	1	31

				15	Mandal Devi Pra V	१ देखी ५	18	3	6	
				16	Mahendra Uchha Ma V	० देखी १२	513	18	28.5	
				17	Mahendra Saraswati Ni Ma	० देखी ८	135	8	16.875	
				18	Jalaswor Pra V	१ देखी ५	28	2	14	
				19	Gorakh Nath Pra V	० देखी ५	15	2	7.5	
				20	Barahi Adhar V	० देखी ८	72	5	14.4	
				21	Mahalaxmi Ma V	० देखी १०	156	11	14.18182	
				22	Sat Kanya Pra V	१ देखी ३	23	2	11.5	
				23	Barahi Ma V	० देखी १०	401	13	30.84615	
				24	Kali Devi Pra V Golping	१ देखी ३	4	1	4	
				25	Saraswati Pra V	० देखी ३	9	1	9	
				26	Mahakali Adhar V	० देखी ८	157	7	22.42857	
				27	Lekh Pandran Pra V	० देखी ५	80	4	20	
				28	Kalidevi Pra V Chilaune	० देखी ३	25	2	12.5	
				29	Bhumichuli Pra V	० देखी ३	8	0	0	
				30	Bagh Bhairab Pra V	० देखी ३	12	2	6	
				31	Krishna Ma V		399	17	23.47059	

						० देखी १२				
				32	Kalika Pra V	० देखी ५	15	3	5	
				33	Laxmi Pra V	० देखी ५	29	3	9.666667	
				34	Bishnu Pra V	० देखी ५	42	3	14	
				35	Pokhari Pra V	० देखी ५	26	3	8.666667	
				36	Sishu Jagriti Pra V	० देखी ४	24	3	8	
				37	Janata Adhar V	० देखी ८	158	8	19.75	
				38	Rastriya Ma V	० देखी १०	304	13	23.38462	
				39	Deepak Pra V	० देखी ६	133	5	26.6	
				40	Surya Pra Vi	० देखी ३	25	2	12.5	
				41	Bashuki Adhar V	० देखी ८	135	9	15	
				42	Lekali Basiphat Ma V	० देखी १०	367	11	33.36364	
				43	Bal Jagriti Pra V	० देखी ५	9	2	4.5	
				44	Mahila Jagriti Pra V	० देखी ३	14	0	0	
				45	Padam Jyoti Pra V	० देखी ५	10	2	5	
				46	Bhawana Pra V	० देखी ५	11	2	5.5	
				47	प्रावि भीमफेदी ९ बतासे	० देखी ३	0	0	0	

48	प्रावि च्याउखोला भीमफेदी ९	१ देखी ३	0	0	0
49	Namuna Pra V Kharklek	० देखी ३	10	2	5

२२			**दिवा खाजाः** सामुदायिक विधालयमा सञ्चालित दिवा खाजा कार्यक्रम अन्तर्गत यस गाउँपालिकाले २ किस्तामा ४७ विधालयहरुको खातामा रकम निकासा गरेको देखियो । निम्न ४० विधालयमा निकासा गरिएको रकम IEMIS मा अध्यावधिक विधार्थी संख्या तथा विद्यालयले पेश गरेको विधार्थीको प्रमाणित हाजिर दिन भन्दा वढी रकम विद्यालयको खातामा निकासा गरिएको देखियो। यसरी अध्यावधिक विधार्थी संख्या तथा विधार्थीको प्रमाणित हाजिर भन्दा वढी रकम सम्वन्धित विद्यालयवाट असूल गरी दाखिला गर्नुपर्ने रु.	५७३,२७६

https://nams.oag.gov.np

सि.नं.	विधालयको नाम	प्रथम किस्ता	दोश्रो किस्ता	जम्मा निकासा	जम्मा खर्च	वढी वाँकी
		माघ-फागुन	चैत्र-वैसाख			
१	राकस देवी प्रा.वि. खानीडाँडा	१३५००	११४००	२४९००	१९५७५	५३२५
२	काली देवी प्रा.वि.धार्के	२५६५०	२१६६०	४७३१०	२५०००	२२३१०
३	नटारम्भेश्वर प्रा.वि. महादेवटार	२२९५०	१९३८०	४२३३०	४१५१०	८२०
४	प्रा.वि.गंगटे	12150	10260	22410	0	22410
५	प्रा.वि. आँपचौर	30375	25650	56025	53125	2900
६	हिमाय प्रा.वि. विलाउनेचौर	9450	7980	17430	14295	3125
७	पंन्चकन्या प्रा.वि. धाराचौर	36450	30780	67230	64410	2820
८	मावि कोगटे	46575	39330	85905	75765	9140
९	बटुक भैरव प्रा.वि.	20925	17670	38595	37395	1200
१०	मण्डला देवी प्रा.वि.माडु	14175	11970	26145	20370	5775
११	महेन्द्र मा.वि. भिमफेदी	85050	71820	156870	73500	83370
१२	महेन्द्र सरस्वती आ.वि. धोर्सिङ	45900	38760	84660	81000	3660
१३	जलेश्वर आ.वि. खोल्मुडाँडा	20250	17100	37350	29115	8235
१४	गोरखनाथ प्रा.वि. ज्यामिरे	14175	11970	26145	21030	5115
१५	बाराही आ.वि. दमार	29025	24510	53535	53220	315

				१६	महालक्ष्मी मा.वि.सुपिङ	49950	42180	92130	81675	10455		
				१७	सातकन्या प्रा.वि. सालाभञ्याङ	15525	13110	28635	21250	7385		
				18	बाराही मा.वि. निवुवाटार	146475	123690	270165	223290	46875		
				19	काली देवी प्रा.वि. गोल्पिङ	4050	3420	7470	5355	2115		
				20	सरस्वती प्रा.वि. थानासिंह	14850	12540	27390	23745	3645		
				21	महाकाली आ.वि. ईक्चुङ	88425	74670	163065	137105	25990		
				22	लेखापान्द्राङ प्रा.वि. लेखपान्द्रङ	52650	44460	97110	63705	33405		
				23	काली देवी प्रा.वि. चिलाउने	27675	23370	51045	49385	1660		
				24	बाघभैरभ प्रा.वि. आपचौर	10800	9120	19920	11310	8610		
				25	कालिका प्रा.वि.कालिकाटार	18225	15390	33615	28540	5075		
				26	लक्ष्मी प्रा.वि. किटिने	24300	20520	44820	35407	9413		
				27	विष्णु प्रा.वि. चुनिया	29025	24510	53535	32445	21090		
				28	पोखरी प्रा.वि. पोखरी	18900	15960	34860	29672	5188		
				29	शिशु जाग्रती प्रा.वि. रिट्ठे	24975	21090	46065	32310	13755		
				30	जनता आ.वि. सल्लाघारी	74925	63270	138195	130400	7795		
				31	राष्ट्रिय मा.वि.सानुटार	112050	94620	206670	131040	75630		
				32		87075	73530	160605	110465	50140		

	दिपक प्रा.वि.किसेडी					
33	सुर्य प्रा.वि.नयागाउँ	24975	21090	46065	36600	9465
34	बासुकी आ.वि.नामटार	44550	37620	82170	71220	10950
35	लेकाली वासिफाँट मा.वि. नामटार	114750	96900	211650	181335	30315
36	बाल जागृती प्रा.वि.सिम्ले	6750	5700	12450	8880	3570
37	महिला जागृती प्रा.वि.खाडेधार	12150	10260	22410	21975	435
38	पदम ज्योती प्रा.वि.महाभिर	9450	7980	17430	13670	3760
39	भावना प्रा.वि.महाभिर	9450	7980	17430	16995	435
40	नमुना प्रा.वि. खलेखर्क	17550	14820	32370	22770	9600
	जम्मा					५७३२७६।

२३ **विधालयको लेखापरीक्षणः**

गाउँपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। गो.भौ.न. ३९ मिति २०७७।१०।१४ मा गाउँपालिकाले विद्यालयको आ.व. २०७७।७८ लेखापरीक्षण खर्च वापत ४७ वटा विद्यालयहरुलाई रु. ५०००००। निकासा दिएको छ । आ.व २०७७।७८ को लेखापरीक्षणको क्रममा १० वटा विद्यालयले मात्र लेखापरीक्षण गरी प्रतिवेदन गाउँपालिकामा वुझाएको देखिन्छ। अतः पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नु पर्दछ ।

२४ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार वागमति प्रदेश को प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को पहिलो संसोधनको अनुसूची १ (ख) वमोजिम उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाले ४७ पदाधिकारीहरुलाई रु. ९६६५०००।- सुबिधा बापत भुक्तानी गरेको छ ।

क्र.सं	सुविधा विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाध्यक्ष ९	कार्यपालिका सदस्य ६	वडा सदस्य ३०	सल्लाहकार ०	जम्मा
	A	१	१	९	६	३०	०	४७
१	संचार सुविधा	३६०००	३६०००	२४०००	१८०००	१२०००		१२६०००
२	खाजा सुविधा	६००००	६००००	३६०००	१८०००	१८०००		१९२०००
३	पुस्तक पत्रपत्रिका तथा इन्टरनेट	२४०००	२४०००	१२०००	१२०००	१२०००		८४०००
४	समन्वय भत्ता	१२००००	१२००००	८४०००	२४०००	०		३४८०००
५	खानेपानी तथा विजुली महशुल	३००००	३००००	१२०००	६०००	६०००		८४०००
६	सरसफाई मर्मत सुविधा	३००००	३००००	१२०००	१२०००	०		८४०००
७	अतिथि सत्कार सुविधा	१०८०००	६००००	४८०००	२४०००	१८०००		२५८०००
८	यातायात खर्च सुविधा	१२००००	१२००००	४८०००	३००००	२४०००		३४२०००
९	चाडपर्व खर्च	०	०	०	०	०	०	०
१०	अनुगमन/भ्रमण	१८०००	१५०००	१२००००		०	०	१५३०००
११	सभा बैठक भत्ता	६०००	४०००	३६०००	२४०००	१२००००		१९००००
१२	अन्य बैठक भत्ता	४१०००	६५०००	४३२०००	२८८०००	१४४००००		२२६६०००
	जम्मा (B)	५२८०००	४८००००	२७६०००	१४४०००	९००००	०	
